जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक ३२६ • २०८३ भदौ २९ गते सोमवार • 14 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# दुई महिना बित्न लाग्दा पनि धनुषाको बटेश्वर गाउँपालिकाले बजेट पारित गर्न सकेन




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ भदौ**

आर्थिक वर्ष २०८३/८४ सुरु भएको दुई महिना बित्न लाग्दा पनि धनुषाको बटेश्वर गाउँपालिकाले बजेट पारित गर्न सकेको छैन । गाउँपालिकाले गत १० असारमा चालु आर्थिक वर्षको बजेट प्रस्तुत गरे पनि जनप्रतिनिधिबीच बजेट भागबन्डामा कुरा नमिल्दा पारित हुन नसकेको हो । बटेश्वरमा एक वडाध्यक्ष बाहेक अध्यक्षदेखि वडासदस्यसम्म जनप्रतिनिधि नेपाली कांग्रेसबाट निर्वाचित छन् । कार्यकालको अन्तिम वर्षमा बढी बजेट पाउने स्वार्थको लडाइँले उनीहरूबीचकै बजेट बाँडफाँटको विवादले गाउँपालिकाको बजेट प्रक्रिया रोकिएको छ । बजेट पारित नहुँदा आर्थिक कारोबार ठप्प छ । कामकाज प्रभावित भएका छन् ।

बिग्रेको एम्बुलेन्स बनाउन पनि समस्या छ । २०७९ सालमा निर्वाचित जनप्रतिनिधिको कार्यकाल अब केही महिना मात्रै बाँकी छ । त्यसैले सकभर बढी बजेट आफ्नो पोल्टामा पार्ने होडमा जनप्रतिनिधि छन् । विगतमा वडाध्यक्षलाई करिब एक करोड रुपैयाँसम्म बजेटको सीमा निर्धारण गरिँदै आएको थियो । तर यसपटक नेपाल सरकारबाट समानीकरण अनुदानबापत ९ करोड रुपैयाँ मात्रै प्राप्त भएकाले बजेट बाँडफाँटमा समस्या भएको गाउँपालिका अध्यक्ष रामअशिष महतो स्वीकार्छन् । अध्यक्ष महतोले सुरुमा वडाका लागि ४० लाख रुपैयाँ सिलिङ तोकेका थिए । तर वडाध्यक्षहरूले भने विगतकै जस्तो एक करोड रुपैयाँ माग गर्दै आएका थिए । लामो छलफलपछि अहिले वडाका लागि ६५ लाख रुपैयाँ छुट्याउने सहमति भएको अध्यक्ष महतोले बताए । 'बजेट पारित नहुनुको कारण वडाको सिलिङ नमिलेको हो । वडाले एक करोड मागिरहेका थिए । अहिले ६५ लाखमा कुरा मिलिसकेको छ,' अध्यक्ष महतोले भने, 'अब उपाध्यक्ष र कार्यपालिका सदस्यबीच बजेट सिलिङ मिलाउन बाँकी छ ।

त्यसपछि बजेट पारित हुन्छ ।' उनका अनुसार वडालाई ६० लाख रुपैयाँ पुँजीगत र पाँच लाख रुपैयाँ चालु खर्चबाट सञ्चालन खर्च व्यवस्थापन गर्ने सहमति भएको छ । ९ करोड रुपैयाँको समानीकरण अनुदानमध्ये करिब पाँच करोड रुपैयाँ क्रमागत योजना तथा दायित्वमा खर्च हुने भएकाले बाँकी करिब चार करोड रुपैयाँबाट सबै पक्षको बजेट सिलिङ मिलाउनुपर्ने दबाब छ ।

## अतिक्रमित संरचना हटाउन सम्बन्धित व्यक्ति तथा संस्थालाई थप १५ दिनको समय

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ भदौ**



गुठीका पोखरी तथा पोखरीका डिलमा निर्माण गरिएका अतिक्रमित संरचना हटाउन सम्बन्धित व्यक्ति तथा संस्थालाई थप १५ दिनको समय दिइएको छ ।

गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलका विभिन्न प्रतिवेदनले औंल्याएका अतिक्रमित पोखरीलाई चरणबद्ध रूपमा अतिक्रमणमुक्त गर्ने अभियान अन्तर्गत थप समय दिइएको हो । यसअघि भदौ १९ गते सार्वजनिक सूचना जारी गर्दै सम्बन्धित व्यक्ति तथा संस्थालाई सात दिनभित्र अनधिकृत संरचना आफैँ हटाउन आग्रह गरिएको थियो । सोहीअनुसार भदौ २७ गतेदेखि संरचना हटाउने तयारी गरिएको थियो । तर, अनुगमनका क्रममा कतिपय सम्बन्धित व्यक्तिले संरचना आफैँ हटाउन सुरु गरेको र थप समय माग गरेपछि कार्यान्वयन समितिले १५ दिनको अतिरिक्त समय दिएको हो ।

गुठी संस्थानका प्रवक्ता जनक पोखरेलका अनुसार रेखाङ्कन तथा नक्साङ्कनका आधारमा पोखरी र पोखरीका डिलमा रहेका संरचनाको अनुगमन गर्दा कतिपय संरचना आधा भागसम्म हटाउनुपर्ने अवस्था देखिएको थियो । तत्काल डोजर लगाएर हटाउँदा थप क्षति हुनसक्ने भएकाले सम्बन्धित व्यक्तिलाई आफैँ संरचना हटाउन समय दिइएको उनले बताए । थप समय दिइएका पोखरीमा देवान पोखरी (चन्द्रकूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर (विराही), गोन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी (जीरो माइलभन्दा उत्तरपूर्व), लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहारकुण्ड रहेका छन् ।

## करेसाबारीमा प्रयोग हुने विभिन्न प्रविधि तथा कृषि सामग्री हस्तान्तरण

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २८ भदौ**



गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सीप विकास तालिम लिएका मटिहानी नगरपालिकाका उद्यमी समूहका सदस्यलाई करेसाबारीमा प्रयोग हुने विभिन्न प्रविधि तथा कृषि सामग्री हस्तान्तरण गरिएको छ ।

मटिहानी नगरपालिकाले उद्यमीलाई सीपलाई व्यवहारमा प्रयोग गरी आयआर्जन तथा स्वरोजगारतर्फ अग्रसर गराउने उद्देश्यले सामग्री हस्तान्तरण गरेको हो । नगर प्रमुख हरिप्रसाद मण्डलले एक कार्यक्रमबीच उद्यमी समूहका १५ सदस्यलाई स्प्रे, कोदालो, गार्डेन पाइप, खुर्पी, हजारी तथा उन्नत जातका विभिन्न तरकारीका बीउलगायत सामग्री हस्तान्तरण गर्नुभयो । सामग्री हस्तान्तरण गर्दै नगर प्रमुख मण्डलले तालिमबाट प्राप्त सीपलाई व्यवहारमा उतारी आयआर्जनको माध्यम बनाउनुपर्नेमा जोड दिनुभयो । स्थानीय स्रोत, साधन र सीपको सदुपयोग गरी आत्मनिर्भर बन्न यस्ता कार्यक्रमले सहयोग पुऱ्याउने उहाँले बताउनुभयो । उद्यम विकास सहजकर्ता कुन्दनकुमार मण्डलले सीप विकास तालिम प्राप्त उद्यमीलाई उत्पादनमूलक कार्यमा संलग्न गराउने उद्देश्यले आवश्यक प्रविधि तथा सामग्री उपलब्ध गराइएको बताउनुभयो । सामग्री तथा उन्नत जातका बीउ उपलब्ध भएपछि सहभागीले करेसाबारीलाई व्यवस्थित र उत्पादनमुखी बनाउन सहयोग पुग्ने उहाँको भनाइ छ । नगरपालिकाले गरिबी न्यूनीकरण, रोजगारी सिर्जना तथा स्थानीयस्तरमा उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । कार्यक्रममा मटिहानी-६ का वडाध्यक्ष कलीम अंसारी, वडा सदस्य ऐरुन खातुन, कृषि शाखा प्रमुख टंकप्रसाद उपाध्याय लगायतको उपस्थिति थियो ।






## जलेश्वरलाई धार्मिक पर्यटन, स्थानीय व्यापार र रोजगारीको केन्द्र बनाऔँ

जलेश्वरका व्यवसायीले "शनिबार-आइतबार बजार बन्द हुन्छ" भनेर चिन्ता मात्र गर्ने होइन, ग्राहकको व्यवहार अनुसार व्यापारको मोडल परिवर्तन गर्नु पर्छ। विशेष गरी जलेश्वरलाई धार्मिक पर्यटनसँग जोडेर सप्ताहन्तको मागलाई नयाँ अवसर बनाउन सकिन्छ।सात दिन मध्ये शुक्रबारलाई "विकेण्ड साँपिङ डे" को रुपमा अघि बढाउन आवश्यक रहेको देखिन्छ। यसको लागि सरकारी कार्यालय बन्द हुनु अघि शुक्रबार नै कर्मचारी, शिक्षक र स्थानीय ग्राहकलाई लक्षित गरेर विशेष अफरका साथ व्यवसाय गर्ने तरिका बदल्नु पर्दछ। शनिबार-आइतबार पर्यटक केन्द्रित व्यापार गर्ने तिर लक्षित हुन समेत जलेश्वरका व्यवसायीले योजना बनाउनु पर्ने देखिन्छ। जलेश्वरनाथ महादेव वरिपरि पूजा सामग्री, प्रसाद, स्थानीय उत्पादन, खाना, चिया-नास्ता र स्मरणीय वस्तुको बिक्री बढाउन सकिन्छ। यसले धेरै हदसम्म आम्दानीको स्रोत बढाउन सक्दछ। जलेश्वरका होटल-रेस्टुरेन्टले विकेण्ड प्याकेजको योजना बनाउन आवश्यक रहेको देखिन्छ। "दर्शन + खाना + बसाई" जस्ता सस्तो प्याकेज बनाएर महोत्तरी, जनकपुर, धनुषा, सर्लाही, सिरहा, भारतको सीमावर्ती क्षेत्र आदिबाट आउने धार्मिक पर्यटकलाई लक्षित गर्न सकिन्छ। जलेश्वर तथा सो क्षेत्र वरपरका स्थानीय उत्पादनलाई ब्रान्ड बनाउन आवश्यक रहेको देखिन्छ। मिठाई, मखाना, फलफूल, कृषि उत्पादन,फुलमाला, मिथिला चित्रकला, अन्य हस्तकला, धार्मिक सामग्री, मन्दिरको फोटो आदिलाई ":मेड ईन जलेश्वर" भनेर प्याकेजिङ गरेर बिक्रि बितरण गर्न आवश्यक रहेको देखिन्छ। जलेश्वरलाई मेनुअल भन्दा पनि डिजिटल गर्न अनलाइन बिक्री सुरु गर्ने प्रविधिको प्रयोग गर्न त्यहाँका व्यवसायिले आफ्ना क्षमता बढाउन र कार्यान्वयन गर्न आवश्यक रहेको देखिन्छ। सामाजिक सञ्जालका विभिन्न साधनहरु मार्फत व्यवसायिक सामानको फोटो/भिडियो राख्ने र घरमै डेलिभरी दिने सिस्टम बनाउनु पर्ने देखिन्छ। शनिबार र आईतबार विशेष बजार/हाट सञ्चालन गर्ने नीति जलेश्वरको व्यवसायी,उद्योग वाणिज्य संघ तथा नगरपालिकाले समन्वय गरेर अगाडी बढाउन आवश्यक रहेको देखिन्छ। नगरपालिकाको समन्वयमा निश्चित स्थानमा शनिबार र आईतबार बजार सञ्चालन गर्न सकिन्छ। यसले बिदाको दिनलाई व्यापारको दिनमा बदल्न सक्छ। महाशिवरात्रि, श्रावण, सोमबार, शिवरात्रि, चाडपर्व तथा विशेष धार्मिक अवसरलाई केन्द्र बनाएर पहिले नै व्यापारिक अभियान सञ्चालन गर्न आवश्यक छ। व्यवसायी बीच संयुक्त प्रचार गर्ने सिस्टमको विकास गर्नु पर्दछ। एक होटलले मात्र विज्ञापन गर्नुको सट्टा होटल + रेस्टुरेन्ट + यातायात + पूजा सामग्री + स्थानीय पसल मिलेर "भिजिट जलेश्वर" अभियान चलाउने जोडतोडको साथ प्रचारप्रसार गर्नु पर्दछ। सरकारी कर्मचारीमा मात्र निर्भर नभएर व्यवसायको ग्राहकहरु जस्तोकी स्थानीय परिवार,विद्यार्थी,धार्मिक पर्यटक,भारतीय पर्यटक,किसान,निजी क्षेत्रका कर्मचारी,विवाह/कार्यक्रमका ग्राहकसम्म विस्तार गर्नुपर्छ। जलेश्वरनाथ महादेवको धार्मिक महत्वलाई पर्यटनसँग, पर्यटनलाई बजारसँग, बजारलाई स्थानीय उत्पादनसँग, स्थानीय उत्पादनलाई व्यवसायसँग र व्यवसायलाई रोजगारीसँग जोड्न सकियो भने जलेश्वरको अर्थतन्त्रलाई नयाँ गति दिन सकिन्छ।

# बालबालिकालाई आजीवन निःशुल्क दन्त उपचार सेवा उपलब्ध गराउने प्रतिबद्धता

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ भदौ**



जनकपुरधामस्थित तराई डेन्टल क्लिनिकले सद्गुरु कबीर बाल आश्रममा रहेका सम्पूर्ण बालबालिकालाई आजीवन निःशुल्क दन्त उपचार सेवा उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ।

क्लिनिककी सञ्चालक तथा दन्त रोग विशेषज्ञ डा. मिशा महासेठले आश्रममा रहेका बालबालिकाको स्वास्थ्यलाई ध्यानमा राख्दै नियमित दन्त परामर्शदेखि आवश्यक सम्पूर्ण दन्त उपचार निःशुल्क उपलब्ध गराउने प्रतिबद्धता जनाएकी हुन्। डा. महासेठले बालबालिकाको स्वस्थ दाँत र सुन्दर मुस्कान उनीहरूको स्वास्थ्यसँगै आत्मविश्वास तथा उज्ज्वल भविष्यसँग पनि जोडिएको बताइन्। आर्थिक वा अन्य कारणले कुनै पनि बालबालिका आवश्यक दन्त उपचारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले आफूहरूले यस्तो सेवा प्रदान गर्ने निर्णय गरेको उनको भनाइ छ। 'बालबालिकाको स्वस्थ मुस्कान र उज्ज्वल भविष्य हाम्रो साझा जिम्मेवारी हो। सद्गुरु कबीर बाल आश्रममा रहेका सम्पूर्ण बालबालिकालाई आजीवन दन्त परामर्श तथा आवश्यक सम्पूर्ण दन्त उपचार निःशुल्क उपलब्ध गराउने हाम्रो प्रतिबद्धता हो। स्वस्थ दाँत सुन्दर मुस्कानका लागि मात्र नभई समग्र स्वास्थ्य र आत्मविश्वासका लागि पनि महत्वपूर्ण छ,'डा. महासेठले भनिन्। तराई डेन्टल क्लिनिकले आगामी दिनमा पनि सामाजिक उत्तरदायित्व अन्तर्गत स्वास्थ्यसम्बन्धी सेवामा योगदान पुऱ्याउने जनाएको छ। आश्रमका बालबालिकालाई नियमित दन्त परीक्षण, परामर्श तथा आवश्यक उपचारमार्फत मौखिक स्वास्थ्यप्रति सचेत बनाउने उद्देश्यसमेत राखिएको छ।

# बारामा तीन दिनको अवधिमा चार बालबालिका बेपत्ता

**जलेश्वरटुडे समाचारदाता**
**बारा, २८ भदौ**



बारामा तीन दिनको अवधिमा चार बालबालिका बेपत्ता भएका छन्। निजगढ नगरपालिका-९ शान्तिटोलका १४ वर्षीय कृष्ण आचार्य बेपत्ता भएको तीन दिन बितिसक्दा पनि अवस्था पत्ता लाग्न नसकेको अवस्थामा जितपुरसिमरा उपमहानगरपालिका-५ बकुलिया टोलबाट एकै परिवारका तीन बालबालिका बेपत्ता भएका हुन्।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार भारत घर भई हाल बकुलिया टोलमा बस्दै आएका मुकेश पासवानका ५ वर्षीय छोरा धिरज पासवान, ७ वर्षीया छोरी सुन्दरी पासवान र १० वर्षीया छोरी काजल पासवान शनिबार साँझ करिब ५ बजेदेखि सम्पर्कविहीन छन्। प्रहरीका अनुसार धिरज गहुँगोरो वर्णका छन्। उनले खैरो जिन्स पाइन्ट र पहेँलो सर्ट लगाएका थिए। उनको कपाल कालो र ठूलो रहेको तथा चप्पल नलगाएको बताइएको छ।

त्यस्तै, सुन्दरी गहुँगोरो वर्णकी छन्। उनले सेतो सर्ट, कालो पाइन्ट र कालो चप्पल लगाएकी छन्। उनको कपाल कालो रहेको प्रहरीले जनाएको छ। काजल पनि गहुँगोरो वर्णकी छन्। उनले सेतो सर्ट, कालो पाइन्ट र कालो चप्पल लगाएकी छन् भने उनको कपाल कालो रहेको प्रहरीले जनाएको छ। यसअघि निजगढ-९ शान्तिटोलका १४ वर्षीय कृष्ण आचार्य विद्यालयबाट घर नफर्किएपछि बेपत्ता भएका थिए। परिवारले खोजीका लागि प्रहरीलाई जानकारी गराए पनि उनको अवस्था अझै पत्ता लाग्न सकेको छैन। चारै जना बालबालिकाको खोजीका लागि प्रहरीले आवश्यक समन्वय र प्रयास भइरहेको जनाएको छ।

उनीहरूलाई कसैले कतै देखे वा उनीहरूको अवस्थाबारे कुनै जानकारी पाए तत्काल जिल्ला प्रहरी कार्यालय बारा वा नजिकको प्रहरी कार्यालयमा खबर गर्न प्रहरीले सर्वसाधारणसँग आग्रह गरेको छ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
– नाता कायम गर्न सजिलो पर्ने।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

मेषः पिछ्डेको साथी मिल्ने
वृषः मनमा पछुतो आउने
मिथुनः खानपानमा समस्या आउने
कर्कटः अनावश्यक खर्चको संभावना
सिंहः अशुभ समाचार प्राप्त हुने
कन्याः अनावश्यक चिन्ता
तुलाः लामो यात्राको योग छ
वृश्चिकः आम्दानी हुने
धनुः शुभ कार्यको शुरुवात
मकरः मित्रतामा फाटो आउने
कूम्भः विचार गरेर बोल्नुहोला
मीनः पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पश्चिम एसियामा तनाव बढ्दा साउदी अरबको सुरक्षा चुनौती गहिरिँदै



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ भदौ**

इरान र उसका क्षेत्रीय सहयोगीहरूबाट बढ्दो सुरक्षा चुनौतीको सामना गरिरहेको साउदी अरबका लागि पछिल्लो अवस्था थप जटिल बन्दै गएको छ । इरानसँग सम्बन्धित क्षेत्रीय समूहहरूको गतिविधि बढ्दै जाँदा साउदी अरबको ऊर्जा पूर्वाधार र विश्व बजारमा तेल तथा ग्यासको आपूर्तिमाथि पनि दबाब बढेको छ।

इराकी मिलिसियामाथि आरोप लगाइएका ड्रोन आक्रमणका कारण एउटा प्रमुख तेल पाइपलाइन बन्द गर्नुपरेको छ भने इरानले हर्मुज जलडमरूमध्यमा पनि निरन्तर अवरोध सिर्जना गरिरहेको छ। यी घटनाक्रमले विश्वव्यापी ऊर्जा बजारमा समेत चिन्ता बढाएको छ। लाल सागरको महत्वपूर्ण समुद्री मार्गमा देखिएको जोखिम, पाइपलाइन बन्द हुनु र होर्मुज जलडमरूमध्यमा जारी अवरोधका कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य तथा आपूर्तिबारे अनिश्चितता बढेको छ ।

विशेषगरी साउदी अरबका लागि अवस्था चुनौतीपूर्ण बनेको छ, किनभने उसको सबैभन्दा महत्वपूर्ण सहयोगी संयुक्त राज्य अमेरिकाको पछिल्लो नीतिलाई लिएर पनि अनिश्चितता देखिएको छ। आगामी अमेरिकी कंग्रेस निर्वाचनलाई ध्यानमा राख्दै ट्रम्प प्रशासनले पहिले नै विवादास्पद र लामो समयदेखि गतिरोधमा रहेको पश्चिम एसिया युद्धलाई थप विस्तार गर्न नचाहेको आकलन गरिएको छ । यसैबिच हुथीहरूको पछिल्लो प्रगति र प्रमुख पाइपलाइन बन्द हुनुले इरानमाथि विश्वव्यापी आर्थिक दबाब बढाउने रणनीतिलाई पनि बल पुग्न सक्ने देखिएको छ । यद्यपि, हर्मुज जलडमरूमध्यमा इरानको प्रभाव केही कमजोर भएको अवस्थामा क्षेत्रीय शक्ति सन्तुलनमा समेत परिवर्तन देखिन थालेको छ । बाब अल-मन्देब जलडमरूमध्य विश्व व्यापारका लागि अत्यन्त महत्वपूर्ण समुद्री मार्गमध्ये एक हो। यसको आसपासमा सुरक्षा जोखिम बढ्दा एसिया, युरोप तथा पश्चिम एसियाबिचको समुद्री व्यापार र ऊर्जा आपूर्तिमा प्रत्यक्ष असर पर्न सक्ने चिन्ता छ । पछिल्ला घटनाक्रमले साउदी अरबलाई एकैसाथ आफ्नो सुरक्षा, ऊर्जा पूर्वाधार र आर्थिक हितको संरक्षण गर्नुपर्ने दबाबमा पारेको छ ।

# महिला हिंसाविरूद्ध सन्देश बोकेको तीज गीत 'गाउँ घरमा' सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ भदौ**



हरितालिका तीजको अवसर पारेर नयाँ गीत 'गाउँ घरमा' सार्वजनिक गरिएको छ। सलिना बिके, समिरा थपलिया र श्रेया राईको स्वर रहेको गीतमा फिरोज बस्नेतको शब्द तथा संगीत छ । गीतलाई दीक्षित पौडेलले एरेन्ज गरेका हुन् ।

गीतको भिडियोमार्फत पछिल्लो समय समाजमा बढिरहेका महिला हिंसा, बलात्कार तथा छोरीहरूको असुरक्षाको विषयलाई उठान गरिएको छ। भिडियोले यस्ता घटनाले एउटी छोरीको जीवनमा पार्ने प्रभावसँगै 'छोरी कहाँ सुरक्षित छन् ?' भन्ने गम्भीर प्रश्नसमेत गरेको छ ।

भिडियोको सुरुवातमा तीन चेली नाचिरहेको दृश्य प्रस्तुत गरिएको छ। उनीहरूको जीवनमा घट्ने अप्रिय घटनालाई भिडियोको अन्त्यतिर मार्मिक ढंगले प्रस्तुत गरिएको छ। मनोरञ्जनसँगै सामाजिक सचेतनाको सन्देश दिने प्रयास भिडियोमा गरिएको छ ।

अन्जान मोक्तानको कोरियोग्राफी रहेको भिडियोको निर्देशन निर्मल कुमार लामाले गरेका हुन्। पवन सुस्लिङ्गले छायांकन तथा सम्पादन गरेको भिडियोको प्रोजेक्ट म्यानेजर प्रवेश खत्री रहेका छन् ।

# चौरचन पर्वका अवसरमा महोत्तरी तथा धनुषाका स्थानीय तहद्वारा स्थानीय बिदा

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ भदौ**

मिथिलाको धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको चौरचन पर्वका अवसरमा महोत्तरी तथा धनुषाका दुई स्थानीय तहले स्थानीय बिदा दिने निर्णय गरेका छन् ।

मटिहानी नगरपालिका र जलेश्वर नगरपालिकाले र जनकपुरधाम उपमहानगरपालिका र कमला नगरपालिकाले भोलि सोमबार चौरचन पर्वका अवसरमा कार्यालय तथा शैक्षिक संस्थामा बिदा दिने निर्णय गरेका हुन् । उपमहानगरपालिकाले बिदाका दिन पनि स्वास्थ्य सेवा, दमकल, सरसफाइ लगायत अत्यावश्यक सेवाहरू भने नियमित सञ्चालन हुने जनाएको छ । स्थानीय बिदा सम्बन्धी निर्णयबारे प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरी घिमिरेले सूचना जारी गरी जानकारी गराए ।

यस्तै, कमला नगरपालिकाले पनि चौरचन पर्वका अवसरमा पालिकाअन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थामा स्थानीय बिदा दिने निर्णय गरेको छ ।

नगरप्रमुख विशेश्वर यादवका अनुसार पालिका क्षेत्रभित्रका सम्पूर्ण शैक्षिक संस्था तथा मातहतका कार्यालयमा बिदा लागू हुनेछ ।

मिथिलामा चौरचन पर्वलाई धार्मिक तथा सांस्कृतिक महत्त्वका साथ मनाउने गरिन्छ ।

पर्वका अवसरमा चन्द्रमाको पूजा गरी परिवारको सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्ने परम्परा छ ।

व्यक्तिगत घटना दर्ता गरौं
– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

व्यक्तिगत घटना दर्ता गरौं
– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

व्यक्तिगत घटना दर्ता गरौं
– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
अनुरोधकर्ता
मटिहानी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

व्यक्तिगत घटना दर्ता गरौं
– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# हिमाल पग्लिरहेको मात्र होइन, अस्थिर पनि हुँदैछ



-सन् २०२५ र २०२६ मा रसुवाको भोटेकोशी-त्रिशूली कोरिडोरमा आएको बाढीले ठूलो मानवीय र भौतिक क्षति पुर्याएको छ । वैज्ञानिक विश्लेषणले सन् २०२६ को विपत्तिलाई हिमताल फुट्नु मात्र नभई उच्च हिमाली क्षेत्रमा चट्टान र बरफ खसेर बनेको हिमपहिरोको परिणाम मानेको छ । लाङटाङमा गरिएको अध्ययनले विगतका वर्षहरूको तुलनामा तापक्रममा वृद्धि, हिउँ र वर्षाको स्वरूपमा परिवर्तन, हिमनदीको क्षय र पहाडी भूभागको अस्थिरता जस्ता जलवायु परिवर्तनका प्रभावहरू देखाएको छ ।

सन् २०२५ को जुलाईमा रसुवाको भोटेकोशीमा आएको अचानक बाढीले तातोपानीदेखि रसुवागढीसम्मको हिमाली जीवन र पूर्वाधारलाई झस्काएको थियो । त्यसबेला माथिल्लो हिमाली क्षेत्रमा बनेको हिमनदीमाथिको तालबाट पानी अचानक निस्किएको घटनासँग बाढीलाई जोडिएको थियो । एक वर्ष नपुग्दै सन् २०२६ अगस्ट २६ मा त्यही व्यापक हिमाली प्रणालीमा अझ विनाशकारी घटना दोहोरियो । यसपटक भोटेकोशी-त्रिशूली कोरिडोरमा आएको बाढीले मानवीय क्षतिसँगै घर, पुल, सडक र जलविद्युत् आयोजनामा ठुलो क्षति पुर्‍यायो । पछिल्लो सरकारी विवरणअनुसार यस विपत्तिमा १३ सय ८५ भन्दा बढी मानिसको मृत्यु र ५१ सय ३० भन्दा बढी बेपत्ता भएका छन् भने भौतिक क्षतिको प्रारम्भिक अनुमान रु. ३८७.५ अर्ब पुगेको छ । तर सन् २०२६ को घटना सामान्य वर्षाजन्य बाढी वा 'हिमताल फुट्यो' भनेर मात्र बुझ्नु पर्याप्त हुँदैन । हालसम्मका वैज्ञानिक विश्लेषणअनुसार लाङटाङ लिरुङ आसपासको उच्च हिमाली क्षेत्रमा चट्टान र बरफको ठुलो भाग खसेर बरफ-चट्टानको हिमपहिरो बनेको र त्यसले तलतिरको खोला तथा नदी प्रणालीमा अत्यन्त तीव्र माटो, ढुंगा, बरफ तथा पानीको बहाव सिर्जना गरेको देखिन्छ । यसरी हेर्दा सन् २०२६ को विपत्ति एउटा मात्र जोखिम नभएर हिमाली भू-भागमा हुने विभिन्न जोखिम एकपछि अर्को जोडिँदा बनेको क्रमिक विपत्ति थियो ।

रसुवाले एकपटक होइन, पटक-पटक संकेत दिइरहेको छ । सन् २०२५ को भोटेकोशी बाढी र सन् २०२६ को पछिल्लो विपत्तिलाई छुट्टाछुट्टै घटना मानेर बिर्सन सजिलो छ । तर दुवै घटनाले एउटा गम्भीर प्रश्न उठाउँछन् रसुवाको माथिल्लो हिमाली क्षेत्रमा के परिवर्तन भइरहेको छ ? यस प्रश्नको उत्तर खोज्दा जलवायु परिवर्तनलाई बेवास्ता गर्न सकिँदैन । तर वैज्ञानिक रूपमा सावधानी पनि उत्तिकै आवश्यक छ । सन् २०२६ को निश्चित हिमपहिरोलाई 'जलवायु परिवर्तनकै कारण भएको' भनेर सीधा निष्कर्ष निकाल्नु अहिले उचित हुँदैन । तत्कालीन कारणमा चट्टानको कमजोरी, भू-आकृति, बरफ तथा पानीको अवस्था र अन्य स्थानीय प्रक्रियाको भूमिका हुन सक्छ । तर लामो समयदेखि भइरहेको तापक्रम वृद्धि, हिमनदीको क्षय, हिउँको स्वरूपमा परिवर्तन र उच्च हिमाली भूभागको अस्थिरताले यस्ता जोखिमको पृष्ठभूमि भने परिवर्तन गरिरहेको छ । यही परिवर्तनलाई मैले केही वर्षअघि गरेको आफ्नै अध्ययनमा पनि नजिकबाट नियाल्ने प्रयत्न गरेकी थिएँ । लाङटाङले महसुस गरेको परिवर्तनः मैले लाङटाङ उपत्यकामा सन् २०२५ मा गरेको अध्ययनमा सन् १९८९ देखि २०२४ सम्मको धुन्चे मौसम केन्द्रको तापक्रम तथा वर्षा तथ्यांकलाई स्थानीय समुदायको अनुभवसँग तुलना गरेकी थिएँ । किसान, गोठाला, होटल व्यवसायी, गाइडलगायतका ३० स्थानीय व्यक्तिसँग अर्ध-संरचित अन्तर्वार्ता गरिएको थियो । नतिजामा, सबै उत्तरदाताले विगतका वर्षको तुलनामा चिसो कम भएको बताएका थिए । ९३ देखि एक सय प्रतिशतले हिमपात र वर्षाको समय तथा स्वरूपमा परिवर्तन आएको बताए भने ७९ प्रतिशतले भारी वर्षा वा हिउँ पग्लिएपछि पहिरो बढेको अनुभव सुनाएका थिए । हिमनदी क्रमशः खुम्चिँदै गएको, पानीका स्रोतमा परिवर्तन आएको र खेती तथा पशुपालनको परम्परागत तालिका प्रभावित भएको कुरा पनि स्थानीय अनुभवमा आएको थियो ।

धुन्चेमा वार्षिक अधिकतम तापक्रमको प्रवृत्ति, १९८९-२०२४ सम्म स्रोतः जल तथा मौसम विज्ञान विभाग । तापक्रमले के देखाउँछ ? धुन्चेको सन् १९८९ देखि २०२४ को तथ्यांक विश्लेषण गर्दा तापक्रममा स्पष्ट वृद्धिको प्रवृत्ति देखिएको थियो । अध्ययनमा वार्षिक औसत तापक्रम करिब ०.०३ देखि ०.०५ डिग्री सेल्सियस प्रतिवर्षको दरले बढेको देखिएको थियो । स्थानीयले भनेको 'जाडो न्यानो हुँदै गयो' भन्ने अनुभवलाई यसले मौसमसम्बन्धी अभिलेखसँग जोड्ने आधार दिएको थियो । धुन्चेमा वार्षिक न्यूनतम तापक्रमको प्रवृत्ति, १९८९ देखि २०२४ सम्म स्रोतः जल तथा मौसम विज्ञान विभागको तथ्यांक, वर्षाको प्रकृति कस्तो रह्यो ? जलवायु परिवर्तन भन्नाले वार्षिक वर्षाको कुल मात्रा मात्र बदलिनु होइन । वर्षा कहिले हुन्छ, कति छोटो समयमा हुन्छ र कति तीव्र हुन्छ भन्ने कुरा हिमाली जोखिमका लागि अझ महत्वपूर्ण हुनसक्छ । मेरो अध्ययनमा पनि स्थानीयहरूले छोटो समयमा हुने तीव्र वर्षा, अनिश्चित वर्षा र हिमपातमा आएको परिवर्तनलाई बारम्बार उल्लेख गरेका थिए ।

धुन्चेमा वार्षिक वर्षाको प्रवृत्ति, १९८९-२०२४ स्रोतः जल तथा मौसम विज्ञान विभागको तथ्यांक, २५ अप्रिल २०१५ को गोरखा भूकम्पले लाङटाङ उपत्यकामा ठुलो हिम-चट्टान तथा भग्नावशेषको पहिरो निम्त्यायो र लाङटाङ गाउँ नै त्यसको चपेटामा परेको थियो । वैज्ञानिक अध्ययनले उक्त घटना भूकम्पले गर्दा भएको ठुलो भू-स्खलनका रूपमा अभिलेख गरेको छ । तर सन् २०१५ को घटना र सन् २०२६ को घटना एउटै कारणले भएका होइनन् । सन् २०१५ मा भूकम्प तत्कालीन कारण थियो भने २०२६ को घटनामा बरफ-चट्टानको हिमपहिरो तथा उच्च हिमाली भूभागको अस्थिरता प्रमुख देखिएको छ । यस भिन्नतालाई महत्वसाथ बुझ्नु पर्ने हुन्छ । हिमालमा विपत्ति एउटै कारणबाट मात्र आउँदैन, फरक-फरक प्राकृतिक प्रक्रिया एउटै नदी प्रणालीमा जोडिएर ठुलो विपत्ति बन्न सक्छन् । हिमताल जोखिमको हिस्साः नेपाल-चीन हिमाली करिडोरमा भएका अध्ययनहरूले पनि जोखिमलाई गम्भीर रूपमा हेर्नुपर्ने देखाएका छन् ।

सन् २०२४ मा प्रकाशित एक अध्ययनले नेपाल-चीनका चार प्रमुख यातायात करिडोरमा २६ सय ८८ वटा हिमताल पहिचान गरेको थियो । सन् १९९२ देखि २०२२ सम्म यी हिमतालको कुल क्षेत्रफल करिब ३२ प्रतिशतले बढेको अध्ययनले देखाएको छ । केरुङ-काठमाडौं कोरिडोर उच्च हिमताल विस्फोटजन्य बाढीको जोखिम भएको क्षेत्रमध्ये परेको छ । सम्भावित हिमताल विस्फोटजन्य बाढीले सडक, पुल, सुख्खा बन्दरगाह र अन्य पूर्वाधारमा सीमापार प्रभाव पार्न सक्ने पनि अध्ययनले देखाएको छ । यसको अर्थ सबै हिमताल फुट्नेछन् भन्ने होइन । बरु समस्या के हो भने हिमताल, हिमनदी, अस्थिर चट्टानी ढलान र तलतिर बढ्दै गएको मानव पूर्वाधार एउटै जोखिम प्रणालीका भाग बनेका छन् । रसुवाको पछिल्लो घटनाले हामीलाई एउटा प्रश्न सोध्नै पर्ने बनाएको छ । बाढी आउनुअघि नै जोखिम पहिचान गर्न सकिँदैन ? हामी प्रायः नदीको पानी बढेपछि बाढीबारे सोच्न थाल्छौँ । तर जोखिम नदीभन्दा धेरै माथि, हिमनदी वा चट्टानी ढलानबाट सुरु भएको हुन सक्छ । यसका लागि स्विट्जरल्यान्डको ब्लाटेनको घटना उपयोगी उदाहरण हो ।

२८ मे २०२५ मा बिर्च हिमनदीको ठुलो भाग खसेर चट्टान र बरफको भीषण हिमपहिरो आयो र गाउँको ठुलो हिस्सा पुरियो । तर त्यसअघि नै पहाडको भिरालो भागमा अस्थिरता र हिमनदीको गति बढिरहेको निगरानीबाट देखिएको थियो । जोखिम बढेपछि स्थानीय अधिकारीहरूले मे १७-१९ मै करिब तीन सय जनालाई सुरक्षित स्थानमा सारेका थिए । त्यसको नौ दिनपछि ठुलो घटना भयो । यसले प्रविधिको मद्दले सम्भावित दुर्घटना रोक्न सकिन्छ भन्ने महत्वपूर्ण सम्भावना देखायो । उपग्रह राडार, विश्वव्यापी स्थान निर्धारण प्रणाली (जीपीएस), क्यामेरा र भूकम्पीय निगरानीबाट जमिन तथा हिमनदीको सानो-सानो गति पनि पहिल्यै पहिचान गर्न सकिन्छ । ब्लाटेनमा ध्वस्त हुनुअघि पछिल्ला दिनमा हिमनदीको गति झन् तीव्र भएको पनि निगरानीबाट देखिएको थियो । नेपालले पनि यस्ता अभ्यासबाट सिक्न सक्छ ।

उच्च हिमाली क्षेत्रमा उपग्रह तथ्यांक, स्वचालित मापन उपकरण, भूकम्पीय निगरानी र स्थानीय समुदायको अनुभवलाई जोडेर हिमनदी, हिमताल र अस्थिर पहाडको भिरालो भागको नियमित निगरानी गर्न आवश्यक छ । नेपाल-चीन सीमापार क्षेत्रमा यसको आवश्यकता अझ बढी छ ।

साभार : रातोपाटी ।


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला








## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
धनुषाधाम नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday